२ असार, २०७७

# दैनिक गतिविधि

फोन नं. ०६१-५२०३९० फ्याक्सः ०६१-५२०३३०
PHEOC: ०६१-५२४०७४ टोल फ्री न. १०९२

प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
स्वास्थ्य निर्देशनालय
गण्डकी प्रदेश, पोखरा, नेपाल

## पछिल्ला तथ्यांक

**नेपालमा :**

६५९१
संक्रमित
१९
मृत्यु भएका
११५८
निको भएका

**गण्डकी प्रदेशमा :**

८४४३
PCR परिक्षण गरिएको
५८६२
संक्रमण नदेखिएको (PCR)
२२६
संक्रमण देखिएको (PCR)
१
मृत्यु भएका
२३५५
नतिजा आउन बाँकी (PCR)
२२
निको भएका

**गण्डकी प्रदेशमा लिङ्ग अनुसार कोभिड-१९ का तथ्याङ्क**

कुल संक्रमित पुरुष : २१४

कुल संक्रमित महिला : १२

अध्यावधिक मिति : २०७७/03/02
समय : बेलुका ५:00 बजे






स्वास्थ्य कार्यालय, बाग्लुङको आयोजनामा आज बाग्लुङको होटल पिस प्यालेसमा Case Investigation & Contact Tracing (CICT) सम्बन्धि एकदिने अभिमुखीकरण कार्यक्रम सम्पन्न भएको छ। बाग्लुङ जिल्लाका जैमिनी, बाग्लुङ र गल्कोट नगरपालिकाहरु, ताराखोला, काठेखोला र बरेङ गाउँपालिकाहरुका स्वास्थ्य संयोजक र CICT Team का सदस्यहरु सहभागी रहेको उक्त कार्यक्रममा स्वास्थ्य कार्यालय, बाग्लुङका प्रमुख सुरज गुरौंको अध्यक्षता रहेको थियो । प्रमुख अतिथिको मन्तव्य बाग्लुङ जिल्लाका प्रमुख जिल्ला अधिकारी गौलोचन सैंजुले राख्नुभएको थियो । कार्यक्रमको उद्धेश्यबारे स्वास्थ्य निर्देशनालयका तथ्यांक अधिकृत दिवाकर शर्माले प्रस्तुतीकरण राख्नुभएको थियो । अभिमुखीकरणको सहजीकरण स्वास्थ्य निर्देशनालय, गण्डकी प्रदेश, पोखरामा कार्यरत नवराज शर्मा, दिवाकर शर्मा र WHO का प्रतिनिधि डा. राजीव लालचनले गर्नुभएको थियो भने कार्यक्रम संचालन स्वास्थ्य कार्यालय, बाग्लुङका याम बरालले गर्नु भएको थियो । डा. राजीव लालचनले A0, A1, B1 फारमहरु र नेपाल सरकारले लागु गरेका नयाँ Protocol को बारेमा जानकारी गराउनु भएको थियो । यसका साथै स्वास्थ्य निर्देशनालय, गण्डकी प्रदेशबाट हुने सुचनाको संकलन र प्रसारणको बारेमा जानकारी म्याग्दी जिल्लाका स्वास्थ्य संयोजकहरुलाई दिईएको छ । प्रदेशभित्र कसरी स्वास्थ्य क्रियाकलाप सूचना प्राप्त हुन्छ, कसरी त्यसको प्रमाणीकरण गरिन्छ र त्यसको कसरि सम्बन्धित निकायसम्म पुराईन्छ भन्ने बारेमा प्रदेश स्वास्थ्य आपतकालीन कार्यसंचालन केन्द्रका संयोजक तथा स्वास्थ्य शिक्षा प्रशिक्षक नवराज शर्माले आफ्नो प्रस्तुतीकरण दिनुभएको छ । जिल्ला देखि स्थानीय निकायमा भएगरेका क्रियाकलापहरुको जानकारी स्वास्थ्य कार्यालय मार्फत वा सिधै स्वास्थ्य निर्देशनालयलाई पठाउन समेत आग्रह गर्नुभएको छ ।




स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय द्वारा आयोजीत स्वास्थ्य निर्देशनालयका निर्देशक तथा कोभिड अस्पतालका प्रमुखहरु संगको समन्वयात्मक बैठकमा गण्डकी प्रदेशको तर्फबाट स्वास्थ्य निर्देशक डा. विनोद विन्दु शर्मा र पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठान, पश्चीमाञ्चल क्षेत्रीय अस्पतालका निर्देशक डा. अर्जुन आचार्यले सहभागिता जनाउनुभयो । बैठकमा कोभिड-१९ संक्रमण उपचार तथा व्यवस्थापनमा गण्डकी प्रदेश सरकारले गरेका कार्यहरु तथा भावी चुनौतीहरुका बारेमा छलफल भएको थियो ।



आयुर्वेद तथा वैकल्पिक चिकित्सा विभागले जारि गरेको प्रोटोकल अनुसार र जिल्ला कमाण्ड पोष्ट गोरखाको २०७७/०२/२७ को निर्णय अनुसार गोरखा अस्पतालको आईसोलेसनमा रहेका कोभिड संक्रमित १४ जनालाई ३ थरि आयुर्वेद औषधिहरु बितरण गरियो ।



गण्डकी प्रदेश, तनहुँ जिल्ला, ऋषिङ गाउँपालिका-४, वर्ष २८ र ४० का २ जना पुरुषहरु निको भई घर फर्कनुभएको जानकारी स्वास्थ्य कार्यालय, तनहुँले दिएको छ । वहाँहरुलाई घरमा बस्दा ध्यान दिनुपर्ने कुराहरुको बारेमा जानकारी गरईएको छ । तस्बिरमा वहाँहरुलाई विदाई गर्दै तनहुँ जिल्ला आयुर्वेद केन्द्रका प्रतिनिधिहरु ।

## डिस्चार्ज भएका कोभिड-१९ संक्रमितको संक्षिप्त विवरण

| अस्पताल | डिस्चार्ज संख्या |
| --- | --- |
| सशस्त्र प्रहरी अस्पताल, काठमाण्डौ | १ |
| धौलागिरी अस्पताल, बाग्लुङ | ८ |
| जिल्ला अस्पताल, स्याङ्जा | ७ |
| जि.पि कोइराला स्वासप्रस्वास केन्द्र, तनहुँ | २ |
| कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान, जुम्ला | १ |
| मध्यविन्दु अस्पताल, नवलपरासी पूर्व | १ |
| पाटन अस्पताल, ललितपुर | १ |
| कालिका सामुदायिक अस्पताल, स्याङ्जा | १ |
| जम्मा | २२ |

## गण्डकी प्रदेशमा कोभिड-१९ संक्रमितका जिल्ला स्तरीय विवरण




नवराज शर्मा
स्वास्थ्य शिक्षा प्रशिक्षक
स्वास्थ्य निर्देशनालय, पोखरा

**घरमै बसौं, सुरक्षित रहौं**

हेलो डाक्टर १०९२